# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३० ] काठमाडौं, फागुन १९ गते २०३७ साल [ संख्या ४६


श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको

### सूचना

वीर अस्पताल विकास समिति (गठन) आदेश, २०३७

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "वीर अस्पताल विकास समिति (गठन) आदेश, २०३७" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा–

"अस्पताल" भन्नाले वीर अस्पताल सम्झनुपर्छ ।

३. समितिको गठन : (१) वीर अस्पताल विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायको सदस्यहरू रहनेछन्ः–

(क) श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति– अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी– सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) स्वास्थ्य सेवा विभागका महानिर्देशक वा निजको प्रतिनिधि– सदस्य
(घ) श्री ५ को सरकारद्वारा विशेषज्ञ डाक्टरहरूमध्येबाट मनोनीत तीन जना– सदस्य
(ङ) मेट्रोन, वीर अस्पताल– सदस्य
(च) प्रधानपञ्च, काठमाडौं नगर पञ्चायत– सदस्य
(छ) प्रतिनिधि, सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् सदस्य
(ज) प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी– सदस्य
(झ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य संघ– सदस्य
(ञ) अध्यक्ष, नेपाल च्याम्बर अफ कमर्श– सदस्य
(ट) अध्यक्ष, रोटरी क्लब, काठमाडौं– सदस्य
(ठ) अध्यक्ष, लायन्स क्लब, काठमाडौं– सदस्य
(ड) मेडिकल सुपरिण्टेण्डेण्ट, वीर अस्पताल– सदस्य-सचिव

(३) उप-दफा (२) को खण्ड (क) र (घ) बमोजिम मनोनीत सदस्यहरूको पदावधि बढीमा दुई वर्षको हुनेछ ।

तर श्री ५ को सरकारले चाहेमा निजहरूलाई पुनः मनोनीत गर्न वा पदावधि बाँकी छँदै पनि हटाउन सक्नेछ ।

(४) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरू थपघट गर्न वा नाम हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

४. <u>समितिको काम, कर्तव्य र अधिकार</u>: (१) विभिन्न क्षेत्रबाट चन्दा वा सहायता उपलब्ध गराई अस्पतालको चिकित्सा स्तर र सेवामा अभिवृद्धि गरी अस्पताललाई स्वावलम्बी बनाई अस्पतालको विकास गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उप-दफा (१) मा उल्लिखित कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछः–

(क) अस्पतालको विकास सम्बन्धमा नीति निर्धारण गर्ने ।
(ख) अस्पतालको विस्तार, निर्माण र मर्मत गर्ने ।
(ग) अस्पतालको सेवाको सुधार र विस्तारको लागि आवश्यक साधन र सुविधाको व्यवस्था गर्ने ।
(घ) अस्पतालको लागि आवश्यक प्राविधिक र प्रशासनिक पद सृजना गरी कर्मचारी र सल्लाहकारहरूको नियुक्ति गर्ने ।
(ङ) श्री ५ को सरकारको स्वीकृति लिई अन्तरराष्ट्रिय संस्थाबाट सहायता प्राप्त गर्ने ।
(च) स्वास्थ्य तालीम कार्यक्रम सञ्चालन गर्ने ।
(छ) बहिरंग (आउट पेसेन्ट) चिकित्सा सेवा तथा प्रयोगशाला र अन्य सेवा शुल्क निर्धारण गर्ने ।

५०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) निःशुल्क तथा शुल्क लाग्ने शैयाहरूको संख्या र त्यस्तो शुल्कको दर निर्धारण गर्ने ।

(झ) अस्पतालको वार्षिक प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्ने ।

(ञ) उपरोक्त कामहरूको कार्यान्वयनका लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको बैठक र निर्णय : (१) समितिको बैठक समितिको अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको सदस्यहरूले छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) यस दफामा लेखिएकोमा बाहेक समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।

६. समितिको कोष : (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,
(ख) अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,
(ग) अस्पतालले प्रदान गरेको विभिन्न सेवाबाट प्राप्त रकम,
(घ) विभिन्न व्यक्तिहरूबाट प्राप्त रकम,
(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

तर श्री ५ को सरकार, विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रममा खर्च गरिनेछ ।

(२) समितिको कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. लेखापरीक्षण : (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखतमा समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

८. कर्मचारी सम्बन्धी विशेष व्यवस्था:

(१) अस्पतालको दरबन्दीमा काम गरिरहेका श्री ५ को सरकारका सबै प्राविधिक र प्रशासनिक कर्मचारीहरू समितिको निर्देशनमा काम गर्नेछन् र निजहरूले समितिबाट तलब पाउनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अस्पतालका श्री ५ को सरकारका प्राविधिक वा प्रशासनिक कर्मचारीलाई श्री ५ को सरकारले अन्यत्र काज खटाउनु परेमा वा सरुवा गर्नु परेमा समितिलाई सूचना दिई गर्नु पर्नेछ ।

(३) अस्पतालका श्री ५ को सरकारको प्राविधिक तथा प्रशासनिक कर्मचारीहरूको सरुवा, बढुवा, तलब, भत्ता तथा अन्य सुविधा र विभागीय कारवाई तथा सजाय श्री ५ को सरकारको नियमानुसार हुनेछ ।

(४) अस्पतालका श्री ५ को सरकारका कर्मचारीलाई निजले अस्पतालमा विशेष सेवा प्रदान गरे वापत समितिले विशेष भत्ता दिन सक्नेछ ।

(५) अस्पतालका श्री ५ को सरकारका कर्मचारीलाई सरुवा गर्नु परेमा, फिर्ता गर्नु परेमा वा विभागीय कारवाही गर्नु परेमा समितिले सो कर्मचारीउपर कुनै आरोप भए सो र सो आरोप कुन कुरा र कारणहरूमा आधारित छ सो र आरोप नभए अरू कुनै कारण र आधार भए स्पष्ट खुलाई श्री ५ को सरकारमा सिफारिश पेश गर्नु पर्नेछ ।

(६) अस्पतालका श्री ५ को सरकारका कर्मचारीहरूलाई अध्ययन बिदा, विशेष बिदा र असाधारण बिदा बाहेक अरू नियमानुसार पाइने बिदा समितिले दिनेछ ।

९. अधिकार प्रत्यायोजन : समितिले आवश्यकता अनुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उप-समिति वा कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. नियमहरू बनाउन सक्ने : समितिले आफ्नो कार्य सञ्चालनको लागि श्री ५ को सरकारको स्वीकृति लिई नियमहरू बनाउन सक्नेछ ।

११. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागमार्फत् राख्नु पर्नेछ ।

१२. निर्देशन दिने : श्री ५ को सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१३. समितिको कार्यालय : समितिको प्रधान कार्यालय काठमाडौं वीर अस्पतालमा रहनेछ ।

१४. खारेजी : (१) वीर अस्पताल विकास समिति (गठन) आदेश, २०१५ खारेज गरिएको छ ।

(२) काठमाडौं, भक्तपुर र ललितपुर अस्पताल विकास समिति (गठन) आदेश, २०३४ को अनुसूचीमा रहेको अस्पतालहरूको सूचीबाट वीर अस्पताललाई हटाइएको छ ।

आज्ञाले—
डा. लक्ष्मण पौडयाल
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएकोले मात्र लागु हुनेछ।